हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

● वर्ष ४ ● अङ्क ४३ ● २०७३ जेठ १७ गते सोमबार ● May. 30, 2016 मूल्य रु.१०-




कृषिको लगानी पारदर्शि बनाऔं, परम्परागत होइन व्यवसायिक बनौं, कुराको खेती होइन, खेतीको कुरा गरौं ।



# बजेटले दियो कृषिलाई प्राथमिकता

० पृष्ठ ३ मा

## ● किसान आयोग गठन हुने

काठमाडौं, जेठ । लामो समयदेखि माग हुंदै आएको किसान आयोग अन्तत : गठन हुने भएको छ । सरकारले किसानको सामाजिक सुरक्षाका लागि किसान आयोग गठन गर्ने भएको हो । व्यवस्थापिका(संसद्मा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आव २०७३/०७४ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्दै किसानको सामाजिक सुरक्षाका लागि कोष स्थापना गर्ने जानकारी दिएका छन् । जसले गर्दा नेपाली किसानहरुको सामाजिक सुरक्षाका लागि महत्वपूर्ण कडीका रुपमा स्थापित हुने बताइएको छ ।

## ● सात प्रदेशमा सुपरजोनको तयारी

गत बर्ष पकेट क्षेत्रका रुपमा कार्यक्रम सार्वजनिक गरेको कृषि विकास मन्त्रालय यस बर्ष नयां शब्दलाई प्रयोग गरेको छ। सात वटा प्रदेशलाई लक्षित गरी कृषि उत्पादन बृद्धि गर्ने भन्दै अहिले जोन तथा सुपर जोनको अवधारणा ल्याएर सोही अनुरुप तयारी समेत कृषि विकास मन्त्रालय योजना महाशाखाले गरेको छ। ० पृष्ठ ३ मा

## ● कृषिलाई २७ अर्व पशुपन्छीलाई ८ अर्व बजेट

काठमाडौं। गत चालु आर्थिक बर्षमा करीव २१ अर्व बजेट रहेको कृषि विकास मन्त्रालयको आगामी आर्थिक बर्षमा २७ अर्व पुगेको छ। कृषि विकास मन्त्रालय विभाजन पछि पनि यतिधेरै बजेट आउनेमा शंका गरि एको थियो। कृषि र पशुपन्छी विकास मन्त्रालयको बजेट ३५ अर्व भन्दा बढी विनियोजित गरिएको छ। गत बर्षकै तुलना गर्ने हो भने कृषि क्षेत्रमा (पशु र कृषि) करीव ७५ प्रतिशत बजेट बृद्धि गरेको देखिन्छ ।

## साना किसानका नाममा "उन्नति" को मस्ती

काठमाडौं । कृषि क्षेत्रमा काम गरिरहेको डेनमार्क सरकारको सहयोग सञ्चालनमा रहेको उन्नति परियोजना ९० प्रतिशत कार्यक्रम असफल र किसानका हितमा नभएको भएपनि उन्नति परियोजनाकै फुर्ति कृषि क्षेत्रमा देखिएको छ । नेपाल सरकारको निरिहतका कारण कृषि विकास मन्त्रालयले उन्तति आयोजनाले जसो जसो गरेपनि सहि थाप्ने काम बाहेक केही गर्न सकेको देखिंदैन ।

पूर्वाञ्चलमा आफूलाई उपस्थित गराएको उन्नति आयोजना औचित्यहिन भएको भन्ने जिल्ला जिल्लाबाट गुनासो आउंदा पनि सो आयोजनालाई कुनै चेतावनी पनि कृषि विकास मन्त्रालयले दिन सकेको छैन। डेनिस सरकारको आर्थिक सहयोगका सञ्चालन भएको सो आयोजनाले नेपाली साना किसानका लागि काम गर्ने भनिएपनि आएको अनुदान जति भ्रमण आफ्नै कन्सल्टेण्टलाई घुमाउंदैमा सकिरहेको देखिन्छ ।

जिल्ला जिल्लाका किसानका नाममा छुट्याएको बजेट किसानसम्म पुग्न सकेको छैन। अझ सो परियोजनाले जिल्ला कृषि कार्यालयसंग समन्वय गरेर काम गर्नु पर्ने त्यसो पनि नगरेको आरोप लाग्न थालेको छ । उन्नति किसानको लागि होइन त्यही परियोजनामा काम गर्नेहरुको उन्नतिका लागि मात्र हो भन्छन् लक्षित जिल्लाका किसानहरु ।

उन्नति आयोजनाले कृषि व्यवसायिकरण गरी मूल्य श्रृखलामा काम गर्ने भनिएको भएपनि उपलब्धी भने शुन्य देखिन्छ । सो आयोजनाको सञ्चालन समितिको पदेन अध्यक्षका रुपमा कृषि विकास मन्त्रालयका सचिव राखिएको छ । जसले गर्दा आयोजनालाई अझ मस्ती भएको छ । ० पृष्ठ ३मा

बि.टि.एल्. कम्पनीका पावर टिलर तथा मिनी टिलरबाट खेती गरौं, कम खर्चमा अत्यधिक उत्पादन बढाऔं ।



# आगामी बर्षका लागि बजेटमा कृषि

आगामी आर्थिक बर्षका लागि बजेट तर्जुमा गरिरहंदा योजना आयोग दिएको सिलिङ्लाई आधार मान्दै कृषिको बजेट घट्ने भयो भन्ने चर्चा निकै चल्यो । कृषि विकास मन्त्रालयलाई १७ अर्व रुपैयांभन्दा बढी नदिने कुरा चलिरहेको भएपनि यतिखेर आर्थिक बर्ष २०७३/७४ का लागि कृषि क्षेत्रको बजेटले आमूल नै परिवर्तन गर्न सक्ने सम्भावना बढेको छ । कृषि विकास मन्त्रालयको बजेट मात्र २७ अर्वको हाराहारीमा हुनु भनेको कृषि क्षेत्र अब सरकारको प्राथमिकतामा पऱ्यो भन्न सकिने अवस्था । तर कृषि क्षेत्रको बजेट पनि फ्रिज हुने हो की भन्ने डर लागिरहेको छ । कृषि विकास मन्त्रालयले आगामी आर्थिक बर्षमा धेरै नै काम गर्नु पर्ने देखिन्छ । हुन त कृषि विकास मन्त्री र मन्त्रालयले किसानका लागि पेन्सनका कुरा गरेको भएपनि पेन्सनको बजेट ओझेलमा परेको देखियो ।

एकातिर सरकारले कृषि क्षेत्रको लागि बजेट पूर्ण रुपमा उपलब्ध गराएको भएपनि त्यसको कार्यान्वयन कत्ति हुन्छ भन्ने कुरा हेर्न वांकी छ । विगतका धेरै बर्षहरुमा कृषि क्षेत्रको विकासका लागि आएका बजेटहरु कतिपय खर्च नभई फ्रिज रहेको अवस्था पनि छ । त्यस्तो अवस्था आगामी आर्थिक बर्षमा हुनुहुँदैन । अनुदानमुखि कार्यक्रमहरुलाई कृषि मन्त्रालयले विगतकै जस्तै बनाएको भएपनि उत्पादनका आधारमा कृषिमा अनुदान दिनु पर्ने माग पटक पटक भएको भएपनि उत्पादनका आधारमा अनुदान दिने कुरा हराएको छ । त्यस्तै बजेटले किसान आयोगनै गठन गर्ने कुरा जसरी लिएको छ । त्यसलाई कार्यान्वयन गराउने कुरामा पनि ढुक्कका साथ लाग्नु पर्ने हुन्छ । किसान आयोग गठन गर्ने कुरा बजेट आयो भन्दैमा फेरि विगत कै परम्परालाई सर्वस्वीकार गरी राजनीतिक दल र पार्टीको आस्थाका आधारमा आयुक्तहरु तथा सदयहरु नियुक्ति गर्ने काम पनि हुन सक्छ । त्यसलाई राजनीतिक पाटीको गरी खाने र खुवाउने मेलो बन्नु हुंदैन । सरकारले अहिले कम्तिमा किसानका सुरक्षा र कृषिमा उत्प्रेरित गराउने कामलाई पहिलो प्राथमिकता दिनु पर्दछ । कृषिलाई राज्यको तर्फबाट नै आत्मनिर्भर हुने र कृषिमा संलग्न किसानहरुलाई पनि उत्पादन बृद्धि गर्नका लागि उत्प्रेरित गर्न सक्नु पर्दछ । विगतमा जस्तै किसानहरुका पक्षका कुरा मात्र गर्ने र काम नगर्ने हो भने आगामी आर्थिक बर्षका लागि छुट्याएको बजेट फ्रिज हुने पक्का देखिन्छ । त्यसकारण कृषि विकास मन्त्रालयले मुलुकलाई खाद्य संकट पर्ने अवस्थालाई समेत मध्यनजर गरेर आगामी बर्षको बजेट जसरी सहज छुट्याइएको छ त्यो किसानसम्म पुगोस् । ■

**आफ्नै सूचना**

*नेपालको पहिलो कृषि साप्ताहिकका रुपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।*

**सम्पर्क**

**कृषि साप्ताहिक, पुतलीसडक**

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

# कृषि क्षेत्रमा बिदेशी संस्थाहरुको मनोमानी



कृष्ण घिमिरे

नेपाललाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने,बन जंगल जोगाउने ,जडिबुटिको पहिचान र प्रयोगका बारेमा सिकाउने, पहिरो रोक्ने,बातावरण परिवर्तनको असरबाट जोगाउने ,नदिनाला सफाराख्ने आदि थुप्रै खालका नाराहरु दिएर नेपालमा बर्षौदेखि थुर्पे बिदेसी संघ संस्थाहरुले काम गर्दै आई रहेका छन् । यसरी नेपाल जस्तो प्राकृतिक संपदाले भरिपूर्ण भएको देशमा यस्ता प्रकारका कार्य गर्नको लागि आउने संघ संस्थाहरु कतिपयले नेपाल सरकारसंग समन्वय गरेर राम्रै काम गरिरहेको पाइन्छ । जापानी संस्था जाईका , जर्मनी संस्था जीटिजेड ,हेल्बेटास लगायतका आईएनजिओहरु त्यसका उदाहरण मानिन्छन् । नेपाल सरकारसंगको सहकार्यमा यस्ता संस्थाहरु देशका बिभिन्न स्थानमा कृषि क्षेत्रको बिकास ,गग्रमिण भेगको बिकास,कृषिका नयां प्रविधिका बारेमा किसानहरुसंग समन्वय गरेर काम गरेका छन् भने सरकारको सहकार्यमा बिभिन्न तालिमको संचालन जनचेतना फैलाउने कार्यक्रमहरु पनि गरेका हुन्छन् । यसको प्रतिफल भने नगण्य हुने गरेको पाइन्छ । जुन अपेक्षाको साथमा यस्ता कार्यक्रमहरु ल्याइएको हुन्छ त्यस अनुरुपको प्रतिफल प्राप्त नभएको एक अध्ययनले देखाएको छ । यसमा सरकारी पक्ष बाट कमजोरी भएको छ वा सम्बन्धित संघ संस्थाहरुबाट भन्ने बिषयमा दुबै तर्फका आ आफ्नै भनाई रहेका छन् । तर जे होस भने जति प्रतिफल पाउन नसके पनि कृषि क्षेत्रमा केहि गर्न खोजेका छन् उनीहरुलाई काम गर्न दिनु पर्छ र सबै पक्षले सहयोग पुऱ्याउनु पर्छ ।

यी लगायत नेपालमा थुप्रै बिदेशी संघ संस्थाहरु कृषि सम्बन्धि कार्य गरिरहेको पाईएको छ । कृषि उत्पादन बढाउने,उन्नत जातका बिउ बिजन ल्याउने, उन्नत गाई वा भैसि ल्याउने ,किटनासक औषधि,तालिम आदिका नाममा देशका बिभिन्न स्थानमा यस्ता कार्यहरु सरकारको अनुमति बिना भैरहेका छन् । पहिरो नियन्त्रणका लागि,बनजंगल जोगाउनका लागि अथवा अन्य कुनै प्रकृतिक बिपत्ति रोक्नका लागि भन्दै यस्त संघ संस्थाहरु आ आफ्नै तरिकाले काम गर्दा सरकारको पनि ध्यान जानु जरुरी हुन्छ । उनीहरुले गरेका कार्यहरु के कस्ता छन् । सांच्चिकै काम गरिरहेका छन् वा कृषि क्षेत्रमा काम गर्ने बाहनामा अन्य कुनै गलत काम गरिरहेका छन् । त्यसले नेपालीहरुलाई कस्तो असर गरिरहेको छ , त्यसका बारेमा अध्ययन गर्ने वा अनुगमन गर्ने निकाय छैन । सरकारी तवरबाट पनि त्यसको कुनै चासो भएको पाईदैन । नेपालमा कतिपय संघ संस्थाहरु परिक्षणका लागि पनि आउने गरेको पाईएको छ । यसरी अध्ययन गर्ने नाममा परिक्षणको केन्द्र नेपाललाई बनाइदिदा त्यसले भबिस्यमा कस्तो असर पार्छ त्यसको कुनै सरोकार राखेको पाईदैन ।

८० प्रतिसत भन्दा धेरै मानिसहरु कृषिमा आबद्ध भएको हाम्रो जस्तो मुलुकमा कृषि क्षेत्रमा निकै ठुलो सम्भाब्यता रहेको सबैलाई थाहा नै छ । कृषि क्षेत्रमा आबद्ध किसानहरुको बसोबास ग्रामिण भेगमा नै हुने गर्दछ । ग्रमिण भेगमा शिक्ष ,स्वास्थ , रोजगार, सामाजिक क्षेत्रमा निकै पछाडि रहेको हुन्छ । आर्थिक अवस्था निकै कमजोर हुने हुादा बिभिन्न प्रलोभन देखाई किसानहरु संग आ आफ्नो उद्धेस्य पुरा गराउन निकै सजिलो पनि हुने गर्दछ । यसकारणले गर्दा बिदेशि संघ संस्थाहरु गाउंमा बढि आकर्षित भएका हुन्छन् । एक तर्फ बच्चा बच्ची पढाइदिने , जागिर लागाईदिने बिदेश लगिदिने जस्ता प्रलोभन देखाएर धर्म परिवर्तन गराई इसाइकरण मा लगि गाउा गाउंमा चर्च खोलेका उदाहरण यत्र तत्र देख्न र सुन्न सकिन्छ । अझ देशलाई धर्मनिरपेक्ष बनाएपछि यस्तो अभियान बढ्दोक्रममा छ । यस्ता गलत कार्यहरु रोक्न कहिं कसैको ध्यान गएको देखिदैन । अको तर्फ कृषि क्षेत्रमा काम गर्ने नाममा उनीहरु के गरीरहेका छन् । कहां काम गरिरहेका छन् रु भन्ने कुनै लेखाजोखा नहुंदा यसले कृषि क्षेत्रलाई मात्र नभई समग्र देशको उत्पादन क्षेत्रमा असर गर्न सक्छ । तथा मनोमानि रुपमा काम गर्दा बिभिन्न राजनीति संगठनमा समेत सहभागि भएका घटनाहरु पनि आइरहेका छन् । यसले देशको सार्वभौमिकतामा समेत असर पर्न जान्छ ।

अमेरीकन संस्था युएसएआइडि, इसिमोड,लभ ग्रिन जापान, डेनिस फरेस्ट एक्सटेन्सन लगायतका थुप्रै बिदेशि संघ संस्था अहिले नेपालमा कृषि क्षेत्रमा आ आफ्नै तरीकाले काम गरिरहेका छन् । सरकारले यी लगाएत अन्य संघ संस्थाहरुलाई सरकारको निति नियम र निर्देशनमा संचालनमा ल्याउनु जरुरी देखिन्छ । यसरी उनीहरुले गर्ने गरेका कामहरुलाइ पनि अनुगमन गर्ने गलत कार्य गर्न नदिने जस्ता काम तुरुन्त गर्न सम्बन्धित निकायको समयमै ध्यान पुऱ्याई सरकारको निर्देशनमा सरकार संग समन्वय गरि काम गराउनकालागि कदम चाल्न जरुरी देखिन्छ ।

# गाईभैंसीको थुनेलो रोग

सामान्यतया थुनेलो भन्नाले थुन तथा कल्चौडोको संक्रमणलाई जनाउछ, भने टिट डिपिङ्गको शाब्दिक अर्थ थुन चोप्नु वा थुन डुवाउनु भन्ने वुझिन्छ । थुनेलो रोगवाट आर्थिक क्षति धेरै हुने भएकोले यो गाईभैसीको लागि सवैभन्दा महागो रोगको रुपमा लिइन्छ । स्तनधारी सवैमा यो रोग लाग्ने भए पनि दुधालु गाईभैसीमा यस रोगको प्रकोप बढी देखिन्छ । थुनेलो रोगले गाईभैंसीको थुन तथा कल्चौडो सुन्निने, रातो, तातो र दुख्ने हुन्छ । दूध आउन वन्द हुन्छ,



दूध उत्पादन घट्छ । दुधमा पिप, रगत, छोक्रा आउने गर्नुको साथै कुनै कुनै थुनमा घाउ भएर खस्ने समेत हुन्छ ।

यसरी दूध दिने अवस्थाको गाईभैसीमा यो रोग लाग्दा आर्थिक नोक्सानी धेरै हुने र अन्य गाईभैसीमा पनि सर्न सक्ने भएकोले डेरी फार्मलाई धरासायी वनाउनको साथै यसको असर दूग्ध उद्योगलाई समेत पर्न जान्छ । भने अर्को तफ थुनेलो रोग लागेको पशुको दूध मानव स्वास्थ्यकोलागि हानिकारक हुन्छ ।

गाईभैसी पालक कृषकहरुको लागि थुनेलो (Mastitis) एकदम समस्याको रुपमा देखा परेको रोग हो । यसको मुख्य कारक जीवाणु र ढुसी भए पनि दुधालु पशुको उचित व्यवस्थापन गर्न नसक्दा यसको समस्या हुने भएकोले यसलाई व्यवस्थापकिय रोग (:बलबनझभलतबा मष्कभबकभ) को नामले पनि परिचित छ ।

यो रोगले दुधालु भैसी पालक कृषकहरुलाई भन्दा गाई पालक कृषक लाई वढी हैरानी पारेको हुन्छ । किन भने भैसीको पुरै थुन काम नलाग्ने अवस्थामा पुगे पनि दूध उत्पादनको लागि अनुपयुक्त भएता पनि मासुको लागि विक्री गर्न सकिन्छ र केही पैसा आउाछ तर गाई पालक कृषकको लागि कुनै उपाय छैन बरु थप वोझ मात्र थपिन्छ । यसरी यस्तो भयानक आर्थिक हानी नोक्सानीबाट बच्नको लागि यस रोगको रोकथाम गर्नु नै उपयुक्त हुन्छ । यसको लागि टिट डिपिङ्ग/ थुन चोप्ने/थुन डुवाउने प्रविधि उपयुक्त तथा उपयोगी सावित भईसकेको छ ।

नेपाल कृषि अनुसन्धान परिषदले (ल्भउबा ब्नचष्अगतिगचभ च्भकभबचअज ऋयगलअष (ल्ब्च्ऋ) टिट डिपिङ्ग प्रविधि सिफारिस गरी सकेको निकै समय भए पनि यसको व्यापक रुपमा प्रचार प्रसार भई सकेको भने पाईदैन । यसका लागि पोभिडिन आयोडिन ९ भाग र ग्लिसरिन १ भाग ( १०ः १ अनुपात ) झोल तयारी गरी यस झोलमा थुनहरु डुवाउने गर्दा थुनेलो रोकथाम हुन्छ ।

टिट डिपिङ्ग प्रविधिको प्रयोगले थुनेलो रोकथाम हुनुको साथै स्वच्छ दूध उत्पादनमा समेत सहयोग पुग्न जान्छ ।

यो प्रविधि सस्तो, सुलभ, सरल, किफायति र प्रभावकारी हुदा हुदै पनि व्यापक रुपमा गाईभैसी पालक कृषकहरु माझ सूचना प्रवाह हुन नसक्दा प्रभावकारी रुपमा प्रयोग भएको पाइदैन । यसको व्यापक प्रचार प्रसार गर्ने मुख्य जिम्मेवारी पशु सेवामा संलग्न सम्पूर्ण प्रविधिकहरुको हुन आउछ ।

# बजेटले दियो कृषिलाई प्राथमिकता



काठमाडौं । कृषिको विकास विना मुलुकको आर्थिक समृद्धि हुन सक्दैन भन्ने कुरालाई धेरैले भने तर काम गरिएको देखिदैन । कृषिमा आत्मनिर्भर बनाउने कुरा पनि नभएका होइन, त्यसका लागि पर्याप्त बजेट अभाव भन्दै कृषि क्षेत्रका व्यक्तिहरुले रकमको अभाव सधैं देखाउँदै आए । अब भने यी दुवै कुराको गुनासो अन्त्य गर्न सरकारले आगामी आर्थिक बर्षको बजेटमा महत्वूर्ण किमिमले प्राथमिकता दिएको छ ।

यो बर्षको बजेट वक्तव्यलाई हेर्ने हो भने नेपाली कृषि क्षेत्रमा सवैभन्दा राम्रो बजेटका रुपमा यस बर्षको बजेटलाई लिएको छ । यदि सच्चा किसिमले काम गर्ने हो भने हलो, जुवा र कोदालोमा जीवन बिताउने किसानका लागि यो बर्षको बजेटले उत्साह थपेको छ ।

इतिहासमा पहिलोपटक आर्थिक वर्ष २०७३/७४ को बजेटमार्फत कृषिलाई आधार बनाई कृषि पेसामा लामो समय बिताएका र कृषिको उत्पादकत्व वृद्धिमा उल्लेखनीय योगदान पुर्‍याएका किसानको हितलाई ध्यानमा राखी सरकारले 'किसान सामाजिक सुरक्षा' कोषको घोषणा गरेपछि किसानमा उत्साह थपेको छ । तर प्रश्न पनि उब्जिएको छ कार्यक्रमको कार्यान्वयनमा ?

अर्थमन्त्री विष्णु पौडेलले व्यवस्थापिका( संसद्मा आव २०७३/७४ को बजेटमार्फत 'किसान सामाजिक सुरक्षा' कोषका लागि किसानको सहभागितामा आवश्यक पर्ने किसानकै सहभागितामा बजेट विनियोजन गर्ने भएपछि आमनेपाली किसानमा सकारात्मक सन्देश प्रवाह भएको छ ।

किसानहरुको सुरक्षा नभएकै कारणले गर्दा खेतीपातीमा संलग्न हुदा ज्यादा परिश्रम गर्नुपर्ने, बाली लगाउने समयमा मलखाद बीउबिजन नपाउने र सिंचाइको अभाव तथा आकासेपानीमा निर्भर हुनुपर्ने भएकाले किसानले आफ्ना सन्ततिलाई कृषि पेशामा लाग्न प्रेरित गर्न छाडेका छन् ।

कृषि पेसालाई उत्पादनको प्रमुख आधारशीला बनाउँदै आधुनिकीकरण, व्यवसायीकरण, आत्मानिर्भरमुखी अर्थतन्त्रको मेरुदण्ड बनाउन कृषिलाई व्यवस्थित बनाउँदै लगिने अर्थमन्त्री विष्णु पौडेलले बजेट भाषणमार्फत जानकारी दिएका छन् ।

त्यस्तै अर्थमन्त्री विष्णु पौडेलले आगामी तीन वर्षभित्र नेपाल, अन्डा, मासु र दूध उत्पादनमा आत्मनिर्भर हुने दावी समेत गरेका छन् । व्यवस्थापिका-संसदको बैठकमा अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्ष २०७३/७४ को बजेट पेस गर्दा सो कुरा बताउँदै एक वर्षभित्रमा अन्डा, दुई वर्षभित्रमा मासु र तीन वर्षभित्रमा दूधमा आत्मनिर्भर हुन सरकारले पशुपक्षीबाट उत्पादन लिन सकिने क्षेत्रको विकासका लागि रु आठ अर्ब ४६ करोड रकम विनियोजन गरेको पनि बताएका छन् । पशुपक्षीको नश्ल सुधार, पौष्टिक दाना तथा आहाराको व्यवस्था, पशुपक्षी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरण कार्य समानान्तर रुपमा अगाडि बढाउन सरकारले बजेटमा प्राथमिकता दिएको बताइएको छ ।

पशुपन्छी विकास मन्त्री शान्ता मानवीका अनुसार एक वर्ष राष्ट्रिय दुग्ध विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइने, राष्ट्रिय दुग्ध विकास बोर्डलाई नीति निर्माण, समस्या र सम्भाव्यताको पहिचान, व्यावसायिक योजना, निर्माण र नमुना उत्पादन प्रदर्शन गर्नेसमेत गरिने छ ।

नेपाली समाजमा औसत प्रतिव्यक्ति प्रतिवर्ष दूध ६४ लिटर, ११ केजी मासु, र ३२ वटा अन्डा खाने गरेको पाइन्छ । तर विकसित मुलुकमा ९१ लिटर दूध, १४ केजी मासु र ४८ वटा अन्डा खाने चलन छ । विकसित मुलुकको दाँजोमा स्थापित हुन हाल खाइआएको दूधमा ३५ प्रतिशत, मासुमा २५ र अन्डामा ४५ प्रतिशतले उत्पादन बढाउनुपर्ने हुन्छ ।

आगामी आर्थिक बर्षका लागि कृषिका लागि छुट्याईको बजेटका बारेमा कृषि विकास मन्त्रालयका प्रवक्ता एवं सहसचिव योगेन्द्रकुमार कार्कीले यो बर्ष कृषि तथा पशु क्षेत्रको विकासका लागि महत्वपूर्ण बजेट भएको बताए । उनले कृषि विकास मन्त्रालयले कृषि उत्पादकत्व बृद्धि गर्न र कृषिमा आत्मनिर्भर बन्नका लागि पकेट क्षेत्र, जोन एवं सुपरजोनको अवधारणा सारिसकेकाले अब सोही अनुरुप कृषिको द्रूत गतिले विकास गर्न सकिने समेत बताउँदै कुरा भन्दा पनि काम गरेर देखाउनु पर्नेमा आफूहरु प्रतिवद्ध भएर अगाडि बढेको बताए ।

## सात प्रदेशमा कृषिको सुपर जोनको तयारी

काठमाडौं । कृषि क्षेत्रको विकासका लागि भन्दै गत बर्ष पकेट क्षेत्र घोषणा गरेको कृषि विकास मन्त्रालयले आगामी आर्थिक बर्षमा भने जोन र सुपर जोनको अवधारणा अघि सारेको छ । मुलुक संघीयतामा जाने भएकाले सोही ढाचा अनुरुप सात प्रदेशलाई लक्षित गरी प्रदेशमा एउटा सुपर जोन स्थापना गर्न लागिएको कृषि विकास मन्त्री हरिबोल गजुरेलले बताएका छन् । राजधानीमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री गजुरेलले कृषिमा आमूल परिवर्तन ल्याउनका लागि आफू मन्त्री भए लगतै ल्याएको २७ बुंदे प्रतिवद्धता अनुरुपका कार्यक्रम अगाडि बढाईसकिएको बताउँदै राष्ट्रपतिद्धारा घोषणा गरिएको नीति तथा कार्यक्रममा पनि कृषिलाई महत्वपूर्ण स्थान दिएको बताए ।

अहिले कृषि विकास मन्त्रालयले विशिष्ट कार्यक्रम ल्याउन खोजेको भन्दै मुलुकभर पकेट क्षेत्र, जोन र सुपर जोन घोषणा गरी कृषि उत्पादन बृद्धि गर्नका लागि पहल गरिएको उनले बताए । जोन तथा सुपर जोनका नयां बोलत निर्माण गरेपनि कृषिमा नयां कार्यक्रम हुनेमा धेरैले शंका गरेका छन् ।

## साना...

आयोजनमा कुनै समस्या आएमा मन्त्रालय तर्फ तेर्स्याउने गरेको समेत पाइएको छ । तर, सो आयोजनाले कृषि विकास मन्त्रालयसँग कुनै पनि कार्यक्रमका बारेमा जानकारी नगराउने गरेको मन्त्रालय स्रोतले बताएको छ ।

उन्नति आयोजनाले अदुवा, दुग्ध क्षेत्र र अर्गानिक चिया उत्पादनलाई मुख्य उदेश्य बनाएको भएपनि कागजमा एउटा र फिल्डमा अर्कै भईरहेको आरोप समेत लगाइएको छ । विदेशी दातृनिकाय डेनमार्कले उन्नति आयोजनालाई पारदर्शि गर्न सकेको छैन । भने मूल्य श्रृखलाको काम गरिरहेको भनिएपनि परियोजना सञ्चालन भएदेखि आजसम्म आईपुग्दा कुनै सफलता हासिल गर्न समेत सकेको देखिँदैन । यस्तो असफल कार्यक्रमको सञ्चालक समितिको अध्यक्षका कृषि विकास मन्त्रालयका सचिवलाई अध्यक्ष कुन आधारमा बनाइयो भन्ने पनि छैन । मन्त्रालयसंग समन्वय नगरी सञ्चालन भएको सो आयोजना सचिव अध्यक्ष भएर बस्नुको औचित्य छ ? यदि छैन नेपाली किसानहरुको नाममा मस्त गर्ने विदेशी कृषि आयोजनलाई विना उपलब्धि किन स्थान दिईरहेको छ मन्त्रालयले तत्काले विचार पुर्‍याउनु आवश्यक छ । अन्यथा यस्ता परियोजनाबाट नेपाली कृषिक्षेत्रले ठूलो क्षति व्यहोर्नु पर्ने देखिन्छ ।

## विदेशी लगानीले कृषिको विकास नहुने

काठमाडौं । कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेलले कृषि क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले गरेका कार्यहरुमा पटक पटक प्रश्न उठाउनु परेको खुलासा गरेका छन् । स्वीस सरकारको सहयोगमा नेपाल कृषि प्रसार विकास कार्यक्रम तथा नेपाल कृषि बजार विकास कार्यक्रमको शुरुवात गर्नका लागि आयोजित कार्यक्रमलाई सम्वोधन गर्दै मन्त्री गजुरेलले सो कुरा बताएका हुन् ।



विगतका बर्षहरुलाई हेर्ने हो भने अन्तर्राष्ट्रिय गैरसरकारीहरुले कृषि क्षेत्रमा काम गरेको भएपनि आफूलाई सरकारले भन्दा माथि ठान्ने प्रवृत्ति देखिएको उनको आरोप थियो । अहिले जति पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले काम गरिरहेका छन् ती ती सवै उनीहरुले नै अगुवाई गरेको जस्तो देखिएको र नेपाल सरकारको उपस्थितिलाई गौण बनाएने गरेको गुनासो समेत उनले गरे ।

कार्यक्रमलाई सम्वोधन गर्दै मन्त्री गजुरेलले नेपाल जति विदेशी सहायतमा कृषिमा लगानी भयो त्यसले प्रभावकारी रुपमा काम गर्न नसकेको समेत बताए । कृषिमा जुन प्रकारको गुणात्मक सुधार हुनु पर्ने हो त्यो नभएको भन्दै कृषिमा गुणात्मक सुधार हुने गरी कार्यक्रम किसानसम्म पुग्नु पर्ने उनको धारणा थियो । जवसम्म कृषि क्षेत्रमा परिवर्तन देखिदैन तवसम्म कृषि क्षेत्रको विकास भयो भन्नु गलत भएको हुने धारणा राखे ।

सरकारलाई गौण राखेर गरिने कुनै पनि कार्यक्रममा जतिसुकै विदेशी अनुदान, सहायता वा लगानी भएपनि कृषि विकास नहुने उनको तर्क थियो । मन्त्री गजुरेलले स्वीस सरकारले जिरीमा गरेको लगानीका बारेमा चर्चा गर्दै ठूला आयोजनाहरु नेपाल सरकारले चलाउन गाह्रो भईरहेको समेत उल्लेख गरे ।

स्वीस सरकारले सञ्चालनमा ल्याउन लागिएको दुई परियोजना कृषि विकास मन्त्रालयकै योजना अनुरुप देखिएकोले कार्यक्रमले सफलता हासिल गर्न सक्ने र किसानमय हुन सक्नेमा विश्वास समेत लिएका थिए ।

"माटोको उर्वराशक्ति बढाऔं
कृषि उत्पादनको बृद्धि गरौं ।"
गुणस्तरीय साल्ट ट्रेडिङ्ग युरिया मल प्रयोग गरौं ।
युरिया
नाईट्रोजन ४६%
नेपाल सरकारद्धारा अनुदानित मल
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
कालिमाटी, काठमाडौं
फोन : ४२७१०१४
इमेल : trade@stcnepal.com

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : १४ जेठ २०७३**

अवधि : १४ जेठ २०७३ - २० जेठ २०७३

**लागि : बाँके, रुपन्देही, बारा जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd,AERD, NARC and Agro-met Section, DHM)

## मौसमी तथ्यांकहरु

### ३१ बैशाख २०७३ देखि ६ जेठ २०७३ सम्मको मौसमी अवस्था

| मौसमी विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बांके | रुपन्देही | बारा |
| कूल बर्षा (मि.मी.) | ०.० | ०.६ | ५५.६ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | ३८.३-४२.८ | ३६.३-४१.० | ३१.२-३७.५ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | २३.६-२७ | २४.५-२७.० | २२.०-२६.० |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ६८.९-८४.९ | ४०-६० | ५७-८२ |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | २८.२-८४.४ | ३०-५० | ४५-६८ |
| हावाको गति(मि/से)को दायरा | १.७५-९.५ | ६.५-११ | ३-९ |
| हावाको दिशाको दायरा | पूर्व-दक्षिण- पश्चिम | दक्षिण पूर्व- दक्षिणपश्चिम | दक्षिण पूर्व - पूर्व |

### ७ जेठ २०७३ देखि १३ जेठ २०७३ सम्मको मौसम विवरण

| विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बांके | रुपन्देही | बारा |
| बर्षा (मि.मी) | ७६.७ | ५७.९ | ६९.८ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | ३२.५-३८.० | २९.८-३६.७ | २९.४-३६.५ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | २०.०-२७.० | २०.८-२७.९ | २१.६-२६.६ |
| अधिकतम सापेक्षित आद्रता () को दायरा | ८१.२-१०० | ६५-९२ | ६२-९६ |
| न्यूनमत सापेक्षित आद्रता | ३९.९-६८.६ | ४५-६५ | ३८-८० |
| हावाको गति ञरक | १.७५-६ | २.५-१९.५ | ३.२५-६.२५ |
| हावाको दिशा | उत्तर- पूर्व | दक्षिण - दक्षिण पश्चिम | पूर्व - पूर्व दक्षिण |

## कृषि सल्लाह

**क) मौसम विश्लेषण :**

**गत हप्ताको समग्र मौसमी विश्लेषण (वाँके)**

**बाँके** : गत हप्ताको दिउंसोको तापक्रम ३८° सेल्सियससम्म पुग्यो । र न्यूनतम सापेक्षिक आर्द्रता ३९.९% रह्यो ।

**रुपन्देही** : गत हप्ताको दिउंसोको तापक्रम ३६.७° सेल्सियतसम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४५% रह्यो ।

**बारा** : गत हप्ता दिउंसोको तापक्रम ३६.५° सेल्सियससम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३८% रह्यो ।

गत हप्ताको मौसम पूर्वानुमान अनुसार स्थानीय बायु र न्यून चापीय रेखाको प्रभावका कारण बांकैमा ७६.७ रुपन्देहीमा ५७.९ मिमि) र बारा (६९.८मि.मि) बर्षा भयो । बांके र रुपन्देहीमा अधिकतम तापक्रममा बृद्धि भयो । तर बारामा अधिकतम् तापक्रममा गिरावट आयो ।

**आउंदो हप्ताको मौसम अवस्था (वाँके)**

आगामी हप्ताको शुरुमा मौसम सामान्य बदली भई मेघ गर्जन सहित सामान्य बर्षा हुने सम्भावना छ। साताको मध्यपछि आंशिक बदली रहनेछ। मौसम बदलीको कारण अधिकतम तथा न्यूनतम तापक्रममा केही घटबढ हुने छ।

ख) बालीनाली :

**१ धान :**

० बर्षे धानबालीबाट राम्रो उत्पादन लिन सिंचित क्षेत्रका लागि सिफारिस गरिएका जातहरु स्वर्णा सब - १, सावित्री मकवानपुर -१, रामधान, लल्का बासमती र असिंचित क्षेत्रका लागि सख्ख धान १, सुख्खा धान २ सुख्खा धान ३ सुख्खा धान ४ सुख्ख धान ५, सुख्ख धान ६, तरहरा १, हर्दिनाथ २, राधा ११ र लोकतन्त्र तथा घैया धानका लागि विन्देश्वरी, घैया १ र घैया २ लगाउनु उपयुक्र हुन्छ। तसर्थ यी जातका धानहरुको बीउको व्यवस्था गर्नु होला।

० धान खेतमा पात बेरुवा किराको प्रकोप २५-३०% सम्म देखिएमा विषादीाके प्रयोग नगर्नुहोला। (धान खेतमा भएका मित्र जीव किराहरु नष्ट हुने भएकाले) तर ३०% भन्दा बढी क्षति देखिएमा मात्र अल्फा म्याथ्रिन १०% इ.सी., १.५ एमएल प्रति लिटर पानीमा मिसाएर २० लिटर प्रति कट्ठाको दरमा धानको पात भिज्ने गरी छर्ने ।

०धानबालीमा पतेरो कीराको प्रकोप देखिने समय भएकोले सो समयमा छोटो अवशेष रहने विषादीहरु छर्कनु उपयुक्त हुन्छ। यसको व्यवस्थापनको लागि डाइक्लोरोभस ७६ इ.सी. २ एम.एल. एकलिटर पानीमा घोलेर छर्नुपर्दछ। यो विषदी छर्कदा मुखमा मास्क अनिवार्य लगाउनु पर्दछ।

**धानको व्याड तयार गर्ने विधि**

**धानको धुले वा हिले दुवै किसिमको व्याड तयार गर्न सकिन्छ। व्याठ बनाउंदा १ मिटर चौडाई र जमीनहेरी लम्वाई कायम गर्न सकिन्छ। घुले व्याठ बनाउंदा दुवै व्याडको वीचमा ४०-५० से.मी दुइ वित्ताको नाली बनाउनु पर्दछ। यसो गर्दा बीउ राखेपछि माटोले छोप्ने, विषादी छर्न र झारपात उखेल्न सजिलो हुन्छ। धुले व्याठको लागि बुर्बुराउंदो माटो बनाई तयार गरी सुख्खा बीउ छुर्नपर्दछ भने हिले व्याडको लागि दुसाएको बीउ गर्दछन्। दुसाउनेको लागि बीउलाइ् २४ घण्टासम्म अध्यारो ठाउंमा राखी बोराले छोपिनिदु पर्दछ। यसरी टुसााएको बीउलाई माटोराम्ररी बसेको छिपछिपे पानी भएको व्याडमा राख्नुपर्दछ। पानी बढी भएमा बीउको टुसा मर्न सक्छ। व्याठमा कीरा तथा रोगको प्रकोप भएमा सोही अनुसार प्राविधिकको सल्लाहलिई विषादीको प्रयोग हटाउनु पर्दछ।**

**स्वस्थ धानको बीउ छानौं, उत्पादन बढाऔं**

धानबालीमा धेरै किसिमका रोगहरु लाग्दछन्। ती मध्ये केही बीउबाट सर्दछन्। सवै किसिमका रोगहरु बीउको गुणस्तर र स्वास्थ्यमा असर पार्दछ। जसको कारण बीए रोगी हुन्छ। रोगी बीउ साधारणतया साना आकारका, विग्रिएका, चाउरिएका, दाग भएका र सेप्रा हुन्छन्। त्यस्ता बीए स्वस्थ बीए भन्दा तौलमा हलुका हुन्छन्। यदि हलुका बीउहरु छुट्याएर गह्रौं बीउलाई मात्र बीउको रुपमा प्रयोग गरेमा धानको उत्पादन र गुणस्तर बढ्छ।

**स्वस्थ धानको बीउ छान्ने विधि**

३ लिटर पानीमा लगभग ५०० देखि ६०० ग्राम नून एउटा बाल्टीनमा राम्ररी घोल्ने (मसिनो धानको लागि ५०० ग्राम र मोटा धानको लागि ६०० ग्राम) घोलिएको नून पानीमा एक केजी जति धान खन्याउने, एकैछिन् चलाउने र एक मिनेट जति बीउलाई तैरिन/थिग्रिन दिने। तैरिएको बीउ र थिग्रिएको बीउलाई अलग अलग झिकेर छुट्टै राख्ने। उक्त नून पानीको घोलबाट ३ केजी बीउसम्म छान्न सकिन्छ। बीउको मात्रा धेरै वा थोरै भए सोही अनुरुप नून पानीको घोलको मात्रा बढाउन वा घटाउन सकिन्छ। थिग्रिएको बीएलाई सफा पानीले राम्ररी पखाली व्याड राख्ने वा छरुवा धान भए सिधै छर्ने। यसरी छानेको बीउलाई सोही दिन व्याड नराख्ने वा नछर्ने भए वीउलाइ पानीले पखाली छहारीमा राम्ररी सुकाएर राख्न सकिन्छ। तैरिएको बीउलाई पानीले पखालेर र सुकाएर अन्य प्रयोजनमा ल्याउन सकिन्छ।

**२. मकै**

० वसन्ते मकैको गवारोको व्यवस्थापन गर्न कार्बोफ्युरन ३ जी, ३-४ दानाको दरले अथवा फिप्रोनिल ३ जी २-३ दानाको दरले हातमा पन्जा र मुखमा मास्क लगाई बोटको गुवोमा राख्नु पर्दछ।

० बर्षे मकै खेतीबाट राम्रो उत्पादन लिनका लागि सिफारिस गरिएका रामपुर कम्पोजिट, अरुण १, अरुण २, र रामपुर २ मकैका जातहरु ६५० ग्रामदेखि १ केजी बीउ प्रति कट्ठामा लगाउने तर छिटो पाक्ने र ढिलो रोप्दा पनि हुने जातको लागि अरुण १ र अरुण २ को चयन गर्नु उपयुक्त हुन्छ।

० बर्षे मकै लगाउनु २०-२५ दिन पूर्व ३००-५०० केजी प्रांगारिक मल माटोमा राम्रोसंग मिलाउने र २ केजी ७५० ग्राम डिएपी, १ केजी ६४० ग्राम युरिया तथा २ केजी ११० ग्राम म्युरेट अफ पोटास प्रति कट्ठाको दरले जमिनको अन्तिम तयारीको बेला माटोमा प्रयोग गर्नुपर्दछ।

**३. गहुँ :**

० भण्डारण गरेको बीउलाई कीराबाट जोगाउन भकारीको माथिल्लो भागको बीउमाथि ४-५ इन्च जति छहारीमा सुकाएको किलो निम, वकाईनो र तितेपाती जस्ता विरुवाको पातहरु राख्ने गरेमा पनि कीरा लाग्ने सम्भावना कम हुन्छ।

० बीउमा कीरा लाग्न नदिनको लागि सेलफसको २-३ चक्की मलमल कपडामा बेरेर १ मेट्रिक टन भण्डारण गरेको बीउमा भकारी भित्र हात घुसाएर ६-१२ इन्च भित्र भकारीमा राखी हावा नछिर्ने गरी वन्द गरेर राखेमा कीराबाट बनाउन सकिन्छ।

**४ उखु :**

० उखु रोपेको ८०-९० दिनमा दोस्रो गोडमेल गरी उखुको फेदमा माटो चढाउने १.७५ केजी युरिया मल प्रति कट्ठाको दरले प्रयोग गर्नुपर्दछ। युरिया मलको प्रयोग गर्ने बेलामा खेतमा प्रशस्त चिस्यान हुनुपर्ने भएकोले यदि चिस्यानको कमी भए सिंचाई गरेर मात्र युरिया मलको प्रयोग गर्न लाभदायक हुन्छ।

० उखु बालीमा माटोको सतहमा नयां गुवोमा एक भन्दा बढी स साना प्वालहरु देखिएमा टुसा पसाउने गवारो (Early shoot borer) को प्रकोप हुने सम्भावना भएकोले यसको प्रकोप कम गर्न ३ इन्च जति माटो चढाउने र हल्का सिंचाईको व्यवस्था गर्दा यो कीरा नियन्त्रण गर्न सकिन्छ।

**५ फलफूल बाली**

० केरा खेतीको लागि तरवारपाते कोथ्रा छानी गानालाई वेभिष्टिन २ ग्राम प्रति लिटर पानीको घोलमा १५ मिनेट डुवाई रोप्नुपर्दछ।

० केराको काइयो बनिसकेको छ वा घरीमा कोसा लाग्न छोडेको छ भने बुङ्गा काटेर हटाउनु पर्दछ।

० केरामा फल लागिसकेपछि केराकोघरीमा १% बोर्डेक्स मिश्रण (एक लिटर पानीमा १० ग्राम चुन, १० ग्राम निलो तुथो मिसाएको झोल) १-१ महिनाको अन्तरमा छर्दै गर्नाले कोत्रेरोगको व्यवस्थापन हुन्छ।

० केरामा पोटासियमको कमी भएमा पुराना पातको टुप्पो पहेंलो हुने तथा भित्र पट्टी बांगिएर मर्ने, बोटको आंख्ला छोटो भई होचो हुने तथा केराको काइयो छोटो, पातलो फलको आकार विग्रिने हुनाले पुष माघमा पोटास नराख्नु भएको भए यसै महिनामा ४०० ग्राम म्यूरेट अफ पोटास प्रति बोट बर्षको दरले राख्नु पर्दछ।

० बढ्दो तापक्रमको साथै लगातार बर्षा भई आर्द्रता बढी भएमा आंपमा कोत्रे रोग लाग्दछ। छिप्पिएका वा भण्डारण गरिएका फलमा यो ढुसी लागेमा काला, गोलाकार दागहरु देखिन्छन् र फल नरम भएर कुहिएर जान्छ। यसैले रोग लागेका हांगाहरु कांटछांट गरी, झरेका पातहरु जलाउनु पर्दछ। साथै १% बोर्डो मिश्रण वा ब्लाईटक्स ५०, २ग्राम प्रति लिटर पानीमा घोली १०-१५ दिनको फरकमा ३-४ पटक छर्नु पर्दछ।

० यस मौसममा आंपमा होपरको अत्याधिक प्रकोप देखिने भएकोले इमिडाक्लोप्रिड १७.८ एस.एल.१ एम एल प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ।

० आंपमा चुसाहा (कत्ले, लाही, फड्के) कीराहरुले रुखको पात तथा हांगाहरुमा चुसेर त्यसमा एक प्रकारको मह जस्तो गुलियो पदार्थ छाड्छन्। र त्यसैमा ढुसी पुरै पाता, काण्ड वा फलको सहतहमा कालो पत्रलेको व्यवस्थापनको लागि एट्सो वा सर्वो तेल १०-१५ एम एल प्रति लिटर पानीमा घोली २-३ पटक छर्नु पर्दछ।

तरकारी बाली :

० भिण्डीमा फल र डांठमा प्वाल पार्ने कीराको प्रकोप हुने हुंदा नियमित अवलोकन गर्नुपर्दछ। यस्तो लक्षण देखिएमा क्षति भएको भाग काटेर जलाई दिनु पर्दछ।

०भिण्डीमा फड्के कीराको समस्या देखिने हुनाले फल टिप्ने अवस्था भन्दा पहिले यसको प्रकोप देखिएमा फिप्रोनील ८० डब्लु, पी.५ ग्राम १६ लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा इमिडाक्लोप्रिड १७.८ एस एल १ एम एल एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। फल टिप्ने अवस्था छ भने मालाथिइन ५० इ.सी २ एम.एल एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा डाइक्लोरोभस ७६ इ.सी २ एम एल एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। मालाथियन छर्केको ७ दिनसम्म र डाइक्लोरोभस छर्केको ५ दिनसम्म फल टिप्नु हुंदैन।

० भण्टाको डांठ तथा फलको गवारो व्यवस्थापनको लागि गवारोको कारण ओइलाएको मुण्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने। क्लोरानट्रानिलिप्रोल(कोराजेन) १८.५ इसी ०.२ मिलि प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने।

० गोलभेंडाको फलको गवारो व्यवस्थापनको लागि कुहिएको फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने। साथै माटोमा चिस्यान कायम राख्ने र यसको व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा ज्बल्एख (हेली एन.पि.भी) २५० LE को १.५ मिलि हालेर सांझको समयमा स्प्रे गर्नुपर्दछ। वा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इसी १.० मिलि प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ।

० खुर्सानीमा भाइरस रोग लागेको भएमा भिर्कोन एच झोल १ एम.एल प्रति लिटर पानीमा मिसाई छर्कनु पर्दछ।

० कांक्रो, फर्सी समूहको लहरे बालीमा लिफ माइनरको प्रकोप कम गर्नको लागि तल तलको पुरानो पातहरु हटाउनु पर्दछ।

० कांक्रो, फर्सी समूहको लहरे बालीमा पाउडरी मिल्ड्युको प्रकोपबाट बच्नको लागि क्याराथेन २ एम.एल प्रति लिटर पानीमा घोली छर्नु पर्दछ।

# दूध बेचेर पानी किन्छन् किसान

पाल्पा । जलश्रोतको धनी देशमा पनि किसानहरुले दूध बेचेर पानी किन्नु पर्दछ भन्दा पत्याउन गाह्रो होला । तर अचम्म नमाने हुन्छ । दूध बेचेर पानी किन्नु पर्ने किसानहरुको पीडा पाल्पाका किसानहरुकोहो । लामोसमयदेखि पानी नपर्दा खडेरीले गाउमा पानीको हाहाकार भएपछि मदनपोखरा छापका किसानले दूध बेचेको रकमले पानी किनेर पशुपालन व्यवसाय चलाउदै आएका छन् ।

व्यवसायिक रुपमा पशुपालन गर्नका लागि एकातिर सरकार किसानलाई प्रोत्साहन गर्ने कुरा गरिरहेको छ भने पशुपन्छी विकास मन्त्रालय ४० बुंदे प्रतिवद्धता मार्फत तीन बर्षमा दूधमा आत्मनिर्भर बन्ने भाषण छाड्दा यहााका किसानहरुलाई ती सवै कुरा हावादारी लागिरहेका छ । परम्परागत रुपमा एपनि दूध उत्पादन गरेर आफ्नो जिवीकोपार्जन गरिरहेका किसानहरुलाई व्यवसाय गर्न खडेरीका बेला हरेक वर्ष चैत, वैशाख र जेठमा दूध बेचेर पानी किन्नुपर्ने बाध्यता छ । परिवारको दिगो आयआर्जनको पशुपालन व्यवसाय बनाएका किसानहरुले दैनिक ३० लिटरदेखि १०० लिटरसम्म एक घरपरिवारले दूध उत्पादन गरेर बिक्री गर्छन् । तर त्यही दूध बेचेर लिएको आम्दानीले एक घर परिवारले दैनिक ३०० देखि एक हजार लिटरसम्म पानी किन्ने गरेको अगुवा कृषक बलबहादुर सिंजाली बताए ।

पिउने पानी र गाईवस्तुका लागि प्रतिलिटर रु एकमा पानी किन्ने गरेको उनीहरू बताउाछन् । कृषक कुलबहादुर नगरकोटी अनुसार , "दैनिक ५०० लिटरभन्दा बढी पानी किन्नुपर्छ"( "दूध बेचेको रकम पानीमै खर्च हुन्छ" नगर कोटीले नौ वटा गाईबाट दैनिक ५० लिटरसम्म दूध बिक्री गर्ने गरेका छन् ।

अर्का किसान माया खााडको व्यथा पनि उस्तै छ । उनीपनि दैनिक ४०० लिटर पानी किनेर गाईपालन व्यवसाय गरिरहेकी छिन् । पानीको समस्याले गर्दा व्यवसाय बढाउन मन भए पनि बढाउन नसकिएको उनको गुनासो छ । जति समस्या परेपनि कसलाई सुनाउने किसानको समस्या सुनिदिने कोही पनि देखिएन उनको आरोप छ । दूध बेचेर लिएको आम्दानीबाट यहा दैनिक चार ट्याङ्करभन्दा बढी पानी भित्रने गर्दछ । गाउा नजिकै मूल, कुवा र अन्य पानीका स्रोत नहादा किसानहरुले दिनहा पानी किनेर व्यवसाय गर्न समस्या भएको बताउाछन् । दूध बेचेर जीविका चलाउनका निम्ति छाप गाउाका सबै किसानले पछिल्लो समयमा गाईपालन व्यवसाय अपनाएका छन् । पानीको व्यवस्था गर्न सक्ने हो भने सो गाउालाई दूध उत्पादनको नमुना पकेट क्षेत्र बनाउन सकिने सम्भावन देखिन्छ ।

# सुदूरपश्चिममा खाद्य सङ्कटको संकेत

धेरैजसो क्षेत्रमा किसानले हिउंदे बाली लगाउने नपाएको र लगाएको ठाउँमा समेत यो वर्ष उत्पादनमा भारी गिरावट आएको क्षेत्रीय कृषि निर्देशनालय दिपायलले जनाएको छ । सुदूरपश्चिमका २१ नगरपालिका र ३२८ गाविसमध्ये २२३ गाविस बढी प्रभावित भएका क्षेत्रीय कृषि निर्देशनालयले जनाएको छ ।

प्रभावित गाविसका एक लाख ३० हजार २०३ घरधुरी अत्यन्तै प्रभावित भएका छन् । ती परिवारको ५० हजार ७४ हेक्टर जमिनमा हिउदेबालीको उत्पादन न्यून तथा रु एक अर्ब ४६ करोड बराबरको क्षति भएको छ । हिउदेबाली अन्तर्गत गहुं, मसुरो, तोरीलगायतका बालीमा क्षति भएको हो । यो वर्ष गहुंको उत्पादन सुदूरपश्चिमका पहाडी जिल्लामा निकै कम भएको कार्यालयले जनाएको छ । गत वर्ष तीन लाख १५ हजार ९८६ मेट्रिक टन गहुं उत्पादन भएको थियो भने यस वर्ष दुई लाख ७१ हजार २१ मेट्रिक टन मात्रै गहुं उत्पादन भएको कृषि प्रसारअधिकृत विष्टले बताए । "पहाडी क्षेत्रमा २४ देखि ५७ प्रतिशतले गहुंको उत्पादनमा कमी आएको छ" उनले बताए । हिउँदेबालीको उत्पादन कम भएसागै पहाडी क्षेत्रमा यस वर्ष खाद्यान्न अभाव हुने बताइएको छ । लामो खडेरीका कारण हिउँदेबालीमा नोक्सानी हुँदा सुदूरपश्चिमका एक लाख ३० हजार बढी परिवार अर्थात २८ प्रतिशत प्रभावित भएका क्षेत्रीय कृषि निर्देशनालयले जनाएको छ । तीन लाख सात हजार १६५ हेक्टरमा खेती गरिएकोमा ५० हजार ७४ हेक्टरमा लगाइएको बालीमा नोक्सानी पुगेको बताइएको छ ।

निर्देशनालयका वरिष्ठ योजना अधिकृत पशुपति पोखरेलका अनुसार सुदूरपश्चिममा रु एक अर्ब ४६ करोड बराबरको खाद्यबालीमा क्षति पुगेको छ । सबैभन्दा बढी बैतडीमा १३ हजार २४१ हेक्टरमा लगाएको गहुं तथा मुसुरोमा क्षति पुगेको छ । यस्तै डडेल्धुरमा सात हजार ४६० हेक्टरमा लगाइएको हिउँदेबालीमा क्षति पुगेको छ । पर्याप्त पानी नपर्दा कृषि उत्पादनमा कमी आएपछि सुदूरपश्चिमका पहाडी जिल्लामा खाद्य सङ्कट भएको हो ।

सुदूरपश्चिमको पहाडी सात वटा जिल्लामा ५४ प्रतिशतसम्म बालीमा नोक्सानी भएको छ । कैलाली र कञ्चनपुरबाहेक ती जिल्ला कृषिमा आत्मनिर्भर छैनन् । यस पटकको लामो खडेरीले रु दुई अर्ब बराबरको क्षति भएकाले पहाडी जिल्लामा चरम खाद्य सङ्कट निम्तिएको बताइएको छ ।

# मापदण्ड विपरीत मासु पसल

सिरहा । पशुपन्छी विकास मन्त्रालय मासुजन्य बस्तुको स्वच्छ र स्वस्थताको कुरा उठाएर अघि बढिरहंदा विभिन्न जिल्लामा झैं सिरहामा पनि मासु पसलहरु मापदण्ड विपरित सञ्चालनमा भईरहेका छन् । सम्बन्धित सरोकारवाला सरकारी निकायको उदासिनताका कारण जिल्लामा अधिकांश मासु पसल मापदण्ड विपरीत सञ्चालनमा रहेको पाइएको छ ।

पशुपक्षी सरकारले तोकेको चिकित्सकबाट स्वास्थ्य परीक्षण गराएर मात्र मार्न तथा काट्न पाउने व्यवस्था ऐनमा भए पनि त्यसो गरिएको पाइन्न । माछामासु तथा दूधजन्य पदार्थमा तुरुन्तै ब्याक्टेरियाको सङ्क्रमण हुने गर्छ । ब्याक्टेरियाको सङ्क्रमणबाट जोगाउन सफासुग्घर राख्नुपर्ने भए पनि अधिकांश मासुपसल अव्यवस्थित छन् । जाली र सिसा नराखेको अवस्थामा हावाहुरी चल्दा मासुमा धुलो तथा फोहोर सजिलै पस्ने गर्छ । यसकारण पनि मासु अस्वस्थ्यकर हुने गरेको स्वास्थ्यकर्मी बताउछन् । स्थानीय प्रशासनको लापरवाहीका कारण खुलेआम मापदण्ड पूरा नगरेका पसल सञ्चालन हुंदै आएका छन् ।

# कृषि उत्पादन बढाउन गहुँत

म्याग्दी । अर्मन गाविसका किसानले गहुँतको प्रयोग गर्न थालेपछि रोग किराको प्रकोप नियन्त्रण हुनुका साथै कृषि उत्पादनमा बृद्धि भएको छ ।

किसानले जैविक विषादीका रूपमा गहुँतको प्रयोग गर्न भकारो सुधार गरेर मूत्र सङ्कलन गर्ने गरेका छन् । सुधारिएको भकारोबाट सङ्कलित पशुको गहुँत तरकारी र खाद्यबालीमा लाग्ने रोग किरा नियन्त्रण गर्न प्रयोग गर्दैआएको किसानहरु बताउंछन् ।

गहुँतको प्रयोग गर्न थालेपछि विषादीका लागि गर्नुपर्ने आर्थिक लगानी बचत भएको छ । "बिषादीमा हुने लगानी घट्यो, उत्पादन पनि बढ्यो', कृषक गणेश आचार्यले भने । जिल्ला कृषि विकास कार्यालयद्वारा सञ्चालित दिगो भू व्यवस्थापन कार्यक्रमको प्राविधिक सहयोगमा सो गाविसका कृषकले भकारो सुधार गरेका छन् ।

भकारोबाट सङ्कलित गहुँत बन्दागोभी, काउली, गोलभेंडा, साग, मुला, गाजर, आलुलगायत तरकारी तथा अन्नबालीमा प्रयोग गर्ने गरिएको छ । सन्तुलन मिलाएर नाइट्रोजनको मात्रा अत्यधिक हुने गहुँतको प्रयोगबाट २० देखि ४० प्रतिशतसम्म उत्पादन बढाउन सफल भएको कृषकले बताएका छन् ।

कृषि उत्पादन वृद्धि गर्न र अत्यधिक रासायनिक विषादीको विकल्पका रूपमा गाईबस्तुको मूत्र प्रयोग निकै उपयोगी बनेको जिल्ला कृषि विकास कार्यालयका प्राविधिक श्याम क्षेत्री बताउंछन् । बेनी नगरपालिका, अर्मन, भकिम्ली, घतान, भिं, पाखापानीलगायत जिल्लाका १३ वटा गाविसमा उक्त कार्यक्रम लागू भएको छ । भकारो सुधार गर्नका लागि दिगो व्यवस्थापन कार्यक्रमले किसानलाई आर्थिक र प्राविधिक सहयोग गर्दै आएको छ ।

# चौंरीको दूध बेचेर प्रशस्त आम्दानी

रसुवा । चौरीगाईको दूध बेचेर मासिक रु एक लाख ५० हजारसम्म कमाइ हुन्छ भन्ने कुरा धेरै मान्छेलाई पत्यार नलाग्न सक्छ । तर जिल्लाको गत्लाङका किसान चौरीगाईको दूध बेचेर लखपति भएका छन् ।

चौरीगाई नेपालको आफ्नै विशिष्ठ खालको गाई हो । हिमाली क्षेत्रको पठारमा चौरीगाई पालिन्छ । हिमाली क्षेत्रका किसानले चौरीगाईलाई आम्दानीको मुख्य स्रोत बनाएका छन् । हिमाली क्षेत्रको पहिचानका रूपमा पालिने चौरीगाइले यहाका किसानलाई आर्थिक रूपमा बलियो मात्रै बनाएको छैन, गाउामा केही प्रगती हुादैन भन्दै विदेशीने युवालाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने शिक्षा दिएको छ ।

गत्लाङका रामबहादुर तामाङले २० वटा चौरीगाई पालेका छन् भने सात वटाले दूध दिन्छन । बिहानबेलुका दुग्ध विकास संस्थानले खोलेको चिज उत्पादन केन्द्रमा दूध बिक्री गर्दै उनले चौरीगाईको दूध बिक्री गरी घरमै रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्म आम्दानी गरिरहेको बताउंछन् । "साउनमा १३ वटा चौरीगाई ब्याउछ, त्यसपछि अहिलेको भन्दा आम्दानी बढ्छ," उनी भन्छन् । तर चौरीगाईलाई खुवाउन दाना र नुनको तामाङलाई साधै समस्या परिरहन्छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा पानी न्यून मात्रामा परेपछि यसपाली घासको पनि समस्या भएको छ । गत्लाङको पठारमा चौरी धपाउदै तामाङले भने( "हामीजस्ता हिमाली भेगका किसानलाई सरकारले केही सहुलियतको व्यवस्था गर्नुपर्छ ।" यस्तै गत्लाङकै साइली तामाङसित पनि १६ वटा चौरीगाई छन् । तीमध्ये ६ वटाले अहिले दूध दिन्छन् । घरमै बसेर मनग्य आम्दानी गर्ने गरेको उनको भनाइ छ । दुग्ध संस्थानले स्थापना गरेको चिज उत्पादन केन्द्रका कारण दूध बिक्री गर्न सहज भएको तामाङ बताउंछिन् ।

"चौरीगाईले दूध दिने समयमा मासिक रु दुई लाखसम्म कमाई हुन्छ," उनले भनिन्( "सहरमा बस्नेलाई मात्रै होइन, हामीजस्ता किसानलाई पनि सरकारले हेर्नुपर्‍यो ।" स्थानीय नुमा गेल्मु तामाङ चौरीगाई नै आफूहरूको आर्थिक उपार्जनको आधार भएको बताइन् ।

# लोपोन्मुख बाली संरक्षण गर्न बीउ बैंक

म्याग्दी, । लोपोन्मुख बाली संरक्षणका लागि म्याग्दीको बगरफाटमा पहिलोपटक चेतना सामुदायिक बीउ बैंक स्थापना गरिएको छ । समुदायमा आधारित जैविक विविधता संरक्षण तथा प्रवर्द्धन (सिवियम) परियोजनाअन्तर्गत जिल्ला कृषि विकास कार्यालय म्याग्दीले धान, मकै, गहा, कोदो, भटमास, बोडी, घिरौला, सागलगायतका खाद्य बालीको बीउ बैंक स्थापना गरेको हो ।

स्थानीयस्तरमा भएका तथा अन्य जिल्लाबाट सङ्कलन गरी बैंक स्थापना गरिएको चेतना सामुदायिक बीउ बैंक स्थापना गरिएको बताइएको छ ।

उपभोक्तामुखी बाली प्रजननद्वारा विकसित नयाा धान तथा कोसेबालीको जात प्रवर्द्धनका लागि बीउ बैंक स्थापना गरिएको हो । जसमध्ये अधिकांश स्थानीयस्तरमा पाइने भए पनि लोपोउन्मुख अवस्थामा रहेका छन् ।

स्थानीयस्तरमा उपलब्ध हुनसक्ने तर लोपोन्मुख अवस्थामा रहेका धान तथा अन्य बालीको प्रवर्द्धनका लागि एउटा छुट्टै भवन स्थापना गर्न लागिएको संस्थाले जनाएको छ । जिल्ला कृषि विकास कार्यालय र समुदायको गरी रु छ लाख बराबरको लगानीमा बीउ बैंकका लागि यसै वर्ष भवन निर्माण थालिने बताइएको छ ।

**माटो स्वस्थताको लागि प्रांगारिक मल**

हरेक जिल्लामा रु.१० अनुदानमा प्रांगारिक मल उपलब्ध छ ।
अनुदानित मलको प्रयोग गरी अनुदानको सदुपयोग गरौं,
माटोको स्वास्थ्य सुधार गरौं ।

माटो व्यवस्थापन निर्देशनालय
हरिहरभवन, ललितपुर

**आफ्नो अधिकारको खोजी गर्दा अरुका अधिकार एवम् प्रचलित नियम कानुनहरुको ख्याल गरौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# Govt brings budget of Rs 1.048 trillion

KATHMANDU,Finance Minister Bishnu Prasad Poudel presented a populist budget of Rs 1.04892 trillion for the fiscal year 2073/74



at the parliament on Saturday. The first annual budget brought after promulgation of the new constitution has increased the salary of civil servants by 25 percent while all kinds of social security allowances provided to the elderly, single women and others have been doubled.

Rs 617.16 billion (58.9 percent) has been allocated for recurrent expenditure, Rs 311.94 billion (29.7 percent) for capital expenditure and Rs 119.81 billion (11.4 percent) for financial management. The total budget is 28 percent higher than that allocated for the current fiscal year and 49.6 percent higher than the amended estimate for the current fiscal year.

The government has estimated to collect Rs 565.80 billion of the budget from revenues, Rs 10 billion from return of principal, Rs 106.89 billion from foreign grant resulting in a deficit of Rs 366.12 billion. Foreign loan of Rs 195.72 billion will be taken to offset the deficit. There will still be deficit of Rs 170.41 billion and Rs 111 billion will be collected in domestic loan and Rs 59.41 billion will be used from the balance of the current fiscal year.

The government has targeted an economic growth rate of 6.5 percent for the upcoming fiscal year and aims to limit inflation to 7.5 percent in the year. The government has allocated Rs 140 billion for post-quake reconstruction and rehabilitation works. Earthquake-affected families will also receive an additional interest-free loan of Rs 300,000 each.

The budget was endorsed by the cabinet meeting earlier on the day and minister Poudel said the budget was prepared after consultation with former finance ministers and various stakeholders.

It has announced free treatment to conflict victims at government hospitals and 50 percent discount on treatment of journalists at government hospitals. It has also announced to start health insurance for Nepalis from 25 districts in the upcoming fiscal year as part of the plan to complete health insurance of all Nepalis within three years. It has allocated Rs 5.33 billion for Budhi Gandaki Hydropower Project and the government will levy infrastructure tax of Rs 5 on each liter of petroleum products for the project. It plans to collect around Rs 7 billion through that.

It has allocated Rs 10 billion for construction of Kathmandu-Tarai Fast Track, Rs 4.2 billion for the Postal Highway, Rs 1.67 billion for tunnel road at Nagdhunga. Digital meters have been made mandatory for taxis operating in Kathmandu Valley. Bhaktapur will be developed as a cultural city and Bagmati Museum will be built in Kathmandu Valley. Rs 5.78 billion has been allocated for the Prime Minister Agriculture Modernization Program. Madan Bhandari Academy of Science and Technology will be built in Hetauda. Medical colleges will be established in Surkhet, Butwal and Bardibas as part of the one province one medical college program.

Cricket grounds will be built in Mulpani, Dhangadhi and Bhairahawa while one stadium and a covered hall each will be constructed in each province. Similarly, one industrial corridor will be established in each province. It has also announced free dialysis for kidney patients until transplantation of kidney.

It has announced that Melamchi Drinking Water Project will be completed by October, 2017, and Gautama Buddha Regional International Airport will be brought into operation by February, 2018. It has also allocated Rs 1.50 billion to construct the second international airport in Nijgadh. The Nepal Airlines Corporation will be converted into a company and two wide-body airplanes will be procured in the next fiscal year.

# Journalism sector not happy with new budget

Kathmandu, The journalism sector has expressed dissatisfaction over the budget estimates that Finance Minister Bishnu Prasad Poudel presented at the parliament on Saturday, stating that it did not include any significant plans for the media sector.

In his comment over the budget estimates for the fiscal year 2016/17, President of Federation of Nepali Journalists Dr Mahendra Bista said journalists were not much encouraged by the new budget. Though the 50 per cent concession in government hospital fee is a welcome proposal, no effort has been made for the development of journalist and the journalism sector. "It was unfortunate that the senior journalist allowance, journalists' insurance and the media academy were forgotten", he said.

President of Press Chautari Nepal Ganesh Basnet said the rate of public welfare advertisements should have been increased and added that enforcement of the working journalist act, capacity building of Rastriya Samachar Samiti are issues to be raised.

It may be noted that the budget talks about the professional and organizational reforms of the state-owned Nepal Television, Radio Nepal and Gorkhapatra Corporation but nothing about RSS.

Press Union General Secretary Ajaya Babu Siwakoti said it was unfortunate that nothing has been included to encourage the media with small investment and promoting self-employment. It is the most disappointing budget so far as far as the the media sector is concerned, he said.

Former President of the Federation of Nepali Journalists Taranath Dahal expressed concern over the ignorance of the present budget to the decision taken earlier to transform Nepal Television and Radio Nepal into a public broadcasting institution. The government seems to be maintaining further control on the government media rather than giving them autonomy, Dahal said.

# Farmers' commission to be formed

Kathmandu, For the security of the farmers, the government has decided to form a farmers' commission. Finance Minister Poudel informed it while presenting the budget for the fiscal year 2016/017. None would be allowed to leave the land barren.Jhapa and Darchula districts have been picked for commercial pig farming. Similarly, floriculture would be promoted.

# Budget aims to achieve 6.5 percent growth rate

Kathmandu, The budget presented by the Finance Minister Bishnu Prasad Poudel for the fiscal year 2016/017 on Saturday has aimed at achieving 6.5 percent growth rate. The government in the budget has argued that the coming year would be the prosperous year for the reconstruction activities would gain pace; government expenditure would grow and the economic activities would thrive.

With the financial, monetary and administrative measures, the inflation would be contained at 7.5 percent, while a financial sector development strategy would be implemented to make effective the financial sector reform programme. The government is to establish infrastructures development bank with the joint venture of government and private sector. The banking and financial institutions would be encouraged for the expansion in the rural areas with mobile banking facilities.

Similarly, as per the budget, the industries and enterprises set up as public company would be provided 15 percent discount in the income tax; insurance companies would be encouraged to expand services in the rural areas. Insurance would be arranged for the public properties, cultural and archaeological heritages

# कृषि प्राविधिकसंग न्यूनतम सुविधा पनि छैन



## देवराज गौली

## अध्यक्ष

## नेपाल कृषि प्राविधिक एशोसिएशन

**० नेपाल कृषि प्राविधिक एशोसिएशनको अध्यक्षमा निर्वाचित हुनु भएको छ, कृषि प्राविधिकका समस्यालाई कसरी समाधान गर्न पहल गर्नु हुन्छ ?**

नेपालमा कृषि प्राविधिकहरु शुरुदेखि अहिलेसम्म कृषि डायरीको भरमा सेवा दिईरहेका छन्। उनीहरुलाई सेवा सुविधा केही छैन । र अहिलेको प्रविधि उनीहरुले थाहापाउने स्थिति पनि छैन । किनकी सेवा केन्द्र बस्न सक्ने स्थितिमा छैन । भौतिक संरचना छैन, सेवा केन्द्रको अभाव छ । नयां प्रविधिकका बारेमा जानकार पाउनका लागि न्यूनतम एउटा इन्टरनेट प्रयोग गर्नका लागि कम्प्यूटर समेत नभएको अवस्था छ। कृषि प्राविधिकहरुलाई किसानहरुको खेत खेतमा पुऱ्याउनु पर्दछ। त्यसका लागि राज्यले न्यूनतम श्रोत र साधन छैन । श्रोत र साधनका अभाववीचमा पनि प्राविधिकहरुले सेवा दिईएरहेका छन् । तर पनि किसानदेखि मन्त्रीसम्मले प्राविधिक गाउंमा बस्दैनन् भन्ने आरोप लाग्ने गरेको छ। एउटा प्राविधिकले घटीमा ९ वटा गाविस भ्याउनु पर्दछ । त्यस्तो समस्याका बाबजुत पनि उनीहरुले काम गरिरहेका छन्। उनीहरुको सेवा सुविधाका लागि कसैले पनि बोलेको सुनिदैन । यदि कृषि क्षेत्रको विकास गर्ने हो भने प्राविधिकहरुलाई समय अनुरुप प्रविधि विस्तार गर्नका लागि न्यूनतम श्रोत साधन पुऱ्याउने र पेशागत समस्या समाधान गर्नका लागि मेरो कार्याकालमा काम शुरु हुने छ।

**० सरकारले एक गाउं एक प्राविधिक भन्दै पाँचसय जना प्राविधिक थप मागिसकेको छ त ?**

कृषि प्राविधिक अत्यन्तै न्यून छन् हामीले पन्ध्रसय प्राविधिक भनेका थियौं । सरकारले पााचसय प्राविधिकहरु भएपनि दिएको छ। यो शुरुवात हो यति पुग्दैन । साच्चै नै कृषि क्षेत्रको विकास गर्ने हो भने सवै गाउंमा प्राविधिक पुग्ने किसिमले दरवन्दी थप गर्नु पर्दछ ।

**० कृषि प्राविधिकहरुको जति दरवन्दी थप गरेपनि गाउंमा बस्नु पऱ्यो नि ?**

कृषि प्राविधिकहरु गाउंमा नै बसिरहनु भएको छ सेवा पुऱ्याईरहनु भएको छ । तर कृषि प्राविधिकलाई श्रोत र साधन त चाहियो नि ? श्रोत नै नदिई यसो गर भनेर मात्र त हुादैन नि । प्राविधिकहरुको क्षेत्र विस्तार ठूलो छ । सेवा सुविधा केही दिएको छैन । कृषि प्राविधिक जस्तै बन प्राविधिकहरु पनि छन् उनीहरुलाई रासन भत्ता छ, अन्य सेवा सुविधा पनि दिएको छ तर कृषि प्राविधिकलाई के सुविधा छ। सरकारले एकै प्रकारका प्राविधिकहरुलाई विभेद गरेको मेरो ठम्याई छ । बन प्राविधिकलाई सवै सेवा सुविधा छ तर कृषि प्राविधिकलाई सेवा केन्द्र छैन, बस्ने ठाउं छैन भाडामा कार्यालय राखेर बसेका छन् । कार्यालय नै झोलामा लिएर हिड्नु पर्ने अवस्था छ। यस्तो अवस्थामा दरवन्दी थपसाग कृषि प्राविधकहरुलाई आवश्यक श्रोत र साधन पनि दिनु पर्दछ भन्ने मेरो भनाई हो ।

**० तपाईले प्राविधिकहरुको नेतृत्व गर्नु भएको छ ती समस्या समाधान गर्नका लागि के गर्नु हुन्छ ?**

अहिले नयां बजेटले कृषिलाई प्राथमिकता दिएको छ । बजेट पनि बढेर आएको छ । साच्चै नै कृषि क्षेत्रको विकास गर्ने हो भने कृषि सेवा केन्द्रहरु थप गर्ने, प्रत्येक सेवाकेन्द्रलाई किसानमय बनाउने, प्राविधिकहरुलाई आवश्यक न्यूनतम प्रविधिको सेवा उपलब्ध गराउनका लागि हामीले पहल गर्ने छौं । प्राविधिकहरुलाई नयां प्रविधिको बारेमा ज्ञान दिलाउने सक्यौं भने त्यस्ता प्रविधि सिंधै किसानसम्म पुग्छ । हरेक कृषि सेवा केन्द्रसम्म कम्प्यूटर र इन्टरनेटको पहुाच पुऱ्याउने काममा नेपाल कृषि प्राविधिक एशोसिएशनका साथीहरु लागि परेका छौं । त्यसका अतिरिक्त प्रविधि युक्त तालिम, गोष्ठिहरुमा प्राविधिकहरुले नै प्राथमिकता पाउने वातावरण बनाउन पनि हामी लाग्ने छौं । अर्को कुरा प्राविधिकहरुले विषदेखि विभिन्न रोगहरुका काममा पनि प्रत्यक्ष संलग्न हुनु पर्ने भएकाले जोखिम भत्ताका लागि पनि पहल गर्ने छौं ।

**० नयां प्रविधि तथा सीप सम्वन्धित तालिममा त मन्त्रालयले विदेश पठाईरहेको छ नि होइन ?**

हो तर, त्यो पारदर्शि छैन । कृषि क्षेत्रमा काम गर्ने प्राविधिक कति जना परे भन्ने मूल प्रश्न हो । किसानसंग प्रत्यक्ष काम गर्ने प्राविधिकहरु त्यस्ता तालिम, गोष्ठिमा जान अवसर पाएकी पाएनन् । हालसम्म विदेशमा तालिम लिएर आएकाले किसानसम्म पुगेर काम गरे की गरेनन् भन्ने कुरा महत्वपूर्ण हो ।

# माछा उत्पादनले रुपाकोटमा देखिएको परिवर्तन

प्राकृतिक छटाले भरिपूर्ण सहर पोखराको काखैमा अवस्थित रुपाकोटको परिचय विस्तारै फेरिएको छ । पर्यटकको मुख्य आकर्षणका रुपमा रहेको रुपातालालाई स्थानीयले वहुउद्देश्यीय ढंगले सञ्चालन गरी यसलाई नयां स्वरुप प्रदान गरेका छन् ।



पर्यटकीय दृश्यावलोकनमा मात्र सीमित नराखी यो ताललाई स्थानीयले आयआर्जनको भरपर्दो स्रोतका रुपमा विकास गरेका छन् ।

गाउालेले तालको संरक्षण गर्दै वैकल्पिक आय बढाउन यहाा स्थानीय जातका माछापालन पनि थालेका छन् । यो तालको कथा बेग्लै छ । ताललाई जलकुम्भीले बिरुप पारेपछि स्थानीय जुर्मुराए । तालको अस्तित्व नै खतरामा परेपछि २०५८ सालमा रुपाताल पुनस्थापना तथा मत्स्यपालन सहकारी संस्था लिमिटेड स्थापना गरी स्थानीयवासीले यसलाई जोगाउन ठूलो अभियान नै थाले । उनीहरुको प्रयास खेर गएन ।

विस्तारै जल कुम्भी हटाएर यो ताललाई आयआर्जनको वैकल्पिक स्रोतका रुपमा पनि उपयोग गर्न थालियो । सहकारीले तालको जैविक विविधताको संरक्षण गर्दै माछा पालनबाट आयस्तर बढाइरहेको छ । हाल बार्षिक झण्डै एक करोड रुपैयााको माछाको कारोबार भइरहेको छ । सहकारीले गरेको काम ज्यादै प्रभाकारी भएपछि नेपाल सरकारको ध्यान यो परियोजना प्रति आकर्षित भयो ।

त्यसपछि सरकारले कृषि विकास मन्त्रालय अन्तर्गतको व्यवसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) मार्फत आर्थिक सहयोग गर्ने निधो गऱ्यो । हाल प्याक्टले तेस्रो आह्वान अन्तर्गत ४१ लाख रुपियाा सहितको उपआयोजना नै सञ्चालनमा ल्याएको छ । जसबाट सहकारीले ताल नजिकै माछाका भुरा उत्पादन गर्ने ह्याचरी निर्माण गरेको छ । यहाा हुर्काइएका माछाका भुरा पछि तालमा छाडिन्छ ।

प्याक्टको पूरक अनुदानमा उपआयोजना सुरु हुनु अघिसम्म वार्षिक २५ टन उत्पादन हुने गरेकोमा अहिले बढेर ३५ टन पुगेको छ । यस आर्थिक वर्षभित्र माछा बिक्री ४० टन पुग्ने उपआयोजना संयोजक लेखनाथ ढकाल बताउाछन् । यसको कारण भनेको त्यही भुरा उत्पादन गर्ने ह्याचरी स्थापना नै हो । साथै अब आयोजनाको लागत समेत घट्न गई मुनाफा बढ्न थालेको छ । नेपालमा प्याक्ट मार्फत सञ्चालित यो आयोजना ज्यादै आकर्षक मानिन्छ ।

यसलाई पुष्टि गर्न गए साता यहाा आइपुगेका प्याक्ट प्रतिनिधिहरुको स्थलगत भ्रमणका बेला गरिएका टिप्पणी पर्याप्त छ ।

नेपाल सरकार तथा विश्व बैंकको संयुक्त लगानीमा सञ्चालित आयोजना हो, प्याक्ट । भ्रमणका बेला बिश्व बैंकको अमेरिका स्थित मुख्यालयमा कृषि क्षेत्रका प्राक्टिस मेनेजर

वांकी पेज ७ मा



आधुनिक कृषि प्रविधिको लागि
NAF Seeds Pvt. Ltd.
Contact:
Ph:+ 977-01-5538748,9851066977 Fax: + 977-01-5534428
Email: nafseeds@gmail.com |www.nafseed.com

हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नंः ९८५१०५९४५५,पो.ब.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना, कार्यकारी सम्पादक : योगेन्द्र प्रताप शाही सम्पादकः वैकुण्ठ भण्डारी